नेपाल सरकार

# शिक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं

## सवारी साधन (Hatch Back Car) आपूर्ति गर्ने सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७४/०८/१२)

यस मन्त्रालयलाई आवश्यक सवारी साधन **Hatch Back Car** सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि ३० औं दिनको कार्यालय समयसम्म फर्म/सँस्था/कम्पनीको लिखित निवेदन पेश गरी यस मन्त्रालयको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखाबाट तपसिल बमोजिमको दस्तुर बुझाई खरिद गर्न सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | सवारी साधनको विवरण | आवश्यक संख्या | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|---|
| 8/074-75/MOE | Hatch Back Car (1200±5%CC) Class | २ | रु. ३००० | १,४०,०००।- | सिलबन्दी दर्ता |

२. बोलपत्र जमानत वापत माथि उल्लेखित रकम बराबर यस मन्त्रालयको नाममा जारी भएको बिडबण्ड वा को.ले.नि.का. काठमाण्डौ भुक्तानी केन्द्र नं. ४ सिंहदरबारको एभरेष्ट बैंक लि.मा रहेको धरौटी खाता नं. १३५००१ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनु पर्नेछ । बिडवण्डको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ४ (चार) महिना सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनु पर्नेछ ।

३. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२.०० बजेभित्र यस मन्त्रालयको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखामा सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ । सो दिन विदा परेमा कार्यालय खुलेको दिन दिनको १२.०० बजेभित्र दर्ता गराई सक्नु पर्नेछ ।

४. दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको २.०० बजे मन्त्रालयको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखामा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र फाराम खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र बोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन गरिनेछ ।

५. बोलपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलबन्दी बोलपत्रसाथ देहायका कागजात पेश गर्नुपर्नेछ ।

(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) मूल्य अभिवृद्धि कर र पान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ग) बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति (घ) आ.व.२०७२।७३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा कर दाखिला प्रमाणको प्रमाणित प्रतिलिपि (ङ) फर्म/कम्पनीले आधिकारिक रुपमा प्रतिनिधि नियुक्त गरेको सक्कलै पत्र । (च) उत्पादक/निर्माताले सम्बन्धित फर्म/संस्था/कम्पनीलाई आधिकारिक रुपमा सवारी साधन बिक्री बितरण गर्ने प्रयोजनका लागि प्रदान गरेको Distributor/Reseller पत्रको प्रमाणित प्रतिलिपि

६. बोलपत्र फाराम बुझाउँदा सिलवन्दी गरी खामको बाहिर शिक्षा मन्त्रालयको "सवारी साधन Hatch Back Car आपूर्ति गर्ने बोलपत्र २०७४" भनी स्पष्टसंग उल्लेख गर्नु पर्नेछ ।

७. यसै सूचनाको बुँदा-५ बमोजिमका कागजात संलग्न नभएको, विभिन्न सर्तहरु उल्लेख गरेको, बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु पूर्ण रुपमा उल्लेख नगरेको र र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहने छ ।

९. माथि उल्लेखित सर्तहरु बाहेक अन्य कुराहरु बोलपत्र फाराम एवं प्रचलित कानुन अनुसार हुनेछ ।

१०. यो सूचना मन्त्रालयको वेभसाइट www.moe.gov.np मा समेत हेर्न सकिनेछ । यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र मन्त्रालयको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखा (फोन नं. ४२००४५३) मा सम्पर्क राख्न सकिनेछ ।